# मेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा
बागमती प्रदेश,नेपाल

मेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेड्पु, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**सूचना नं. ०३/०७८-७९**

यस गाउँपालिकाबाट गत आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. २०७८/०७९ मा समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम २०७८ सालको श्रावण १ गते देखि कार्तिक मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनूसूची २ बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजपत्रहरु संलग्न गरी निवेदन दिनुभई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु : (सबै समूहका लागि अनिवार्य)

१. हालसालै खिचेको पासपोर्ट साइजको फोटो एक प्रति,

२. नागरिकता प्रमाणपत्र/बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र सक्कलै प्रतिका साथै प्रतिलिपि एक प्रति

अन्य थप कागजातहरु आवश्यक पर्ने समूहका लागि :

| क्र.सं. | लाभग्राहीको समूह | थप कागजात |
|---|---|---|
| १. | विधवा | ❖ पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>❖ ६० वर्ष मुनिका विधवा महिलाको हकमा निज महिलाले अर्को विवाह नगरेको भनी वडा कार्यालयले जारी गरेको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि |
| २. | एकल महिला | ▪ अविवाहित एकल महिलाको हकमा स्थलगत सर्जमिन मुचुल्काका आधारमा अविवाहित प्रमाणित भनी वडा कार्यालयले जारी गरेको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि<br>▪ सम्बन्ध बिच्छेद भएकाको हकमा सम्बन्धबिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>▪ न्यायिक पृथकीकरण भएको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि |
| ३. | अपाङ्गता भएका (क र ख वर्ग) | ➢ प्रचलित कानून बमोजिम जारी भएको परिचयपत्रको प्रतिलिपि, |

**पुनश्च** : *तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।*

मिति : २०७८/०४/०४

सन्तोष पौड्याल
नि.प्र.प्र.अ.